प्रदेश सरकारबाट स्वीकृत - ०७८।३।३० प्रमुख सचिव

<u>सुदूरपश्चिम प्रदेश खेलकूद (पहिलो संशोधन) नियमावली, २०७८</u>

<u>प्रस्तावना:</u> सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली,२०७७ लाई संशोधन गर्न वाञ्छनिय भएकाले, सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ। ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेश खेलकूद (पहिलो संशोधन)नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली,२०७७ को नियम ५ को उपनियम (१) मा खण्ड (क१) थप्नुपर्ने:</u> (१) "सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली,२०७७" (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (१) मा देहायको खण्ड (क१) थप गरिएको छः-

(क१) परिषद्ले मनोनीत गरेको व्यक्ति - उपाध्यक्ष

३. <u>मूल नियमावलीको नियम ५ को उपनियम (१) मा खण्ड (क२) थप्नुपर्ने:</u> (१) मूल नियमावलीको नियम ५ को उपनियम (१) मा देहायको खण्ड (क२) थप गरिएको छः-

(क२) परिषद्ले मनोनीत गरेको व्यक्ति - कोषाध्यक्ष

४. <u>मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ङ) मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

(ङ) खेलकूदसँग सम्बन्धित व्यक्तिहरु वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक बिजेता खेलाडीहरु मध्येबाट परिषद्ले मनोनीत गरेको कम्तिमा २ जना महिला सहित ५ जना - सदस्य

५. <u>मूल नियमावलीमा नियम ५क थप्नुपर्ने:</u> (१) मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क थप गरिएको छः-

५क. <u>उपाध्यक्ष र कोषाध्यक्षको काम कर्तव्य र अधिकार:</u> (१) जिल्ला खेलकूद समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्य गर्ने,

(ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) जिल्ला खेलकूद समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) समितिको जिन्सी सामानको जिम्मा लिई अभिलेख राख्ने,

(ख) समितिको लागि आवश्यक पर्ने जिन्सी सामानको व्यवस्थापन र सुरक्षा गर्ने ।

६. <u>मूल नियमावलीको नियम ५ मा उपनियम (७) थप्नुपर्ने:</u> (१) मूल नियमावलीको नियम ५ को उपनियम (६) पछि देहायको उपनियम (७) थप गरिएको छः-

(७) जिल्ला खेलकूद समितिका अध्यक्षले सेवा सुविधा वापत मासिक बीस हजार रुपैया पाउनेछन् ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७८

प्रमुख सचिव

७. <u>मूल नियमावलीको नियम ११ को उपनियम (२) मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ११ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

(२) उपनियम (१) बमोजिमको कोषको खाता संचालन जिल्ला खेलकूद समितिका अध्यक्ष र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तोकिएको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

प्रदेश सचिव